# न्यायिक समितिको बार्षिक प्रगति बिवरण

शिला पाठक
स.म.बि.नि.पाचौं
कानुन शाखा
न्यायिक समिति

# पृष्टभुमि

- नेपालको संबिधानको धारा २१७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धि व्यस्था गरेको छ | सो ऐनको दफा ४६ देखि दफा ५३ सम्म न्यायिक समितिलाई न्यायिक अधिकार दिएको छ |लुम्विनि प्रदेश नेपाल अन्तर्गतको वैजनाथ गाँउपालिका रामपुर, बाँकेमा गठन भएको न्यायिक समिति अन्तर्रगत वडा न. १ देखि ८ सम्म मेलमिलापकेन्द्र गठन् गरीएको छ | साथै मेलमिलापकेन्द्रमा दर्ता भएका विवादहरु सुचिकत मेलमिलापकर्ताहरुबाट विवादको प्रकृति हेरी सहमति तथा मेलमिलाप गरिएको र न्यायिक समितिबाट प्रमाणित गरि अभिलेख राख्ने गरिएको छ |

# न्यायिक समितिका पदाधिकारीहरु

नेपालको सविधान २०७२ को भाग १७ धारा २१७ तथा स्थानिय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ अनुसार यस बैजनाथ गाउँपालिकामा तपसिल बमोजिमको न्यायिक समिति रहेको छ ।

निर्मला रोकाय
संयोजक

बिमला सिंह थारु
सदस्य

दीप बहादुर थापा
सदस्य

## ०८० साउन महिनादेखि २०८१ असारसम्म बैजनाथ गाँउपालिकाको न्यायीक समितिमा दर्ता तथा समाधान भएका विवादहरुको विवरण यस प्रकार छ ।

| क्र.स | विवरण | जम्मा दर्ता | सहमती भएका | असहमती भएका | प्रक्रियामा रहेका | सिफारिस गरिएको | दरपिठ गरिएको |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | विवादको विषय | जम्मा दर्ता संख्या | सहमति | असहमति | प्रक्रियामा रहेको | सिफारिस गरिएको | दरपिठ गरिएको |
| १. | आलिधुर, बाध पैनी | १० | ७ | २ | १ | | |
| २. | अर्काको बालि नोक्सानी गरेको | २ | २ | | | | |
| ३. | जेष्ठ नागरिक हेरचाह | ३ | ३ | | | | |
| ४. | पति/पत्नी विचको विवाद | २३ | २१ | २ | | | |
| ५. | ज्याला मजुरी नदिएको | ६ | ५ | | १ | | |
| ६. | सादिमा रुख विरुवा लगाएको | ४ | ३ | १ | | | |
| ७. | सार्वजनिक बाटो निकास | १३ | १२ | | | १ | |
| ८. | जग्गा भाडा लिई भाडा नतिरेको | २ | १ | | १ | | |
| ९. | साध सिमाना मिचेको | ३२ | १८ | ८ | ५ | | १ |
| १०. | गाली बेइज्जत | ८ | ५ | २ | १ | | |

**आ.व.२०८०/०८१ मा न्यायिक समितिमा दर्ता भएका** विवादहरु मध्ये ऋण सापटी दिएको रकम फिर्ता नगरेको(लेनदेन) सम्बन्धमा सबैभन्दा बढी ७४ वटा र सबैभन्दा कम अर्काको बालि नोक्सानी गरेको र जग्गा भाडामा लिई भाडा नतिरेको सम्बन्धमा २ वटा विवाद दर्ता भएका थिए ।

- <u>सम्पन्न क्रियाकलाप</u>
- आ.व. २०८०/०८१ देखि न्यायिक समितिमा आएका उजुरीहरु न्यायिक समितिमा नै दर्ता गरी छिटो छरितो छलफल गरी सहमति गराउने प्रयास गरिएको,
- मेलमिलाप केन्द्रमा विवाद दर्ता गर्दा तथा छलफल, सहमति गराउदाँ वडा कार्यालयको सहयोग रहेको,
- आ.व. २०८०/०८१ मा न्यायिक इजलासकक्ष निर्माण गरिएको ।
- आ.व. २०८०/०८१ मा सुचिकृत मेलमिलापकर्ताहरुलाई ३ दिने पुनरताजकी तालिम संचालन गरिएको ।
- आ.व. २०८०/०८१ मा हालसम्म न्यायिक समितिको बैठक १५ पटक बसी विभिन्न बिषयमा निणय भएको ।
- आ.व. २०८०/०८१ देखि प्रत्येक चौमासिक समीक्षा आयोजना गरि मेलमिलापकेन्द्रबाट भए गरेका कार्यसम्पादनसंग सम्बन्धित विषयमा अन्तरक्रिया तथा छलफल हुने गरेको ।
- आ.व. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम न्यायिक समितिको अन्तरपालिका अवलोकन भ्रमण राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाको भ्रमण गरि त्यहाँ गरिएका असल अभ्यासको बारेमा जानकारी लिइएको ।

- **समस्या तथा चुनौती**

  कतिपय मेलमिलाप कक्षको भवन जिर्ण अवस्थामा भएकोले छलफल गर्दा गोप्यता  कायम गर्न नसकिएको |(वडा न. ७र ८)

  न्यायिक समिति वा मेलमिलाप केन्द्रबाट छलफल तथा सहमति गरिएका विवादहरु कार्यन्वयन  नभइपटक पटक पुन गुनासो आउने गरेको(विशेष गरि लेनदेन  र घरेलु हिंसा सम्बन्धिका विवादहरु)

उपलब्धि

- जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा अन्य न्यायिक निकायहरुमा दर्ता हुने मुदाहरुमा कमी आएको ,

- स्थानीय जनतालाई स्थानीय स्तरमा नै न्याय पाएको अनुभूति भएको

# तस्वीर एक झलक


मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि
पुनर्ताजकी तालिम-२०८१


मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि
पुनर्ताजकी तालिम

# तस्वीर एक झलक




गेरुवा गाउँपालिका
बागेश्वरी यातायात प्रा.लि.
न्यायीक समिति
अवलोकन भ्रमण
२०८१ बैशाख १४ र १५ गते
आयोजक
बैजनाथ गाउँपालिका
रामपुर, बाँके
भे.१ज १३३४





# धन्यवाद


मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि
पुनर्ताजकी तालिम-२०८१
मिति: २०८१/०२/१४ गते देखि १६ गते सम्म
स्थान: बैजनाथ गाउँपालिकाको कार्यालय
आयोजक
बैजनाथ गाउँपालिकाको कार्यालय
रामपुर, बाँके